नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

वार्षिक पुस्तिका

आ. व. २०७८/७९

समितिका पदाधिकारीहरु

काली प्रसाद पराजुली
अध्यक्ष तथा
सह सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

डा. महादेव प्रसाद पौडेल
सदस्य
कृषि विभाग

ध्रुव नारायण मानन्धर
सदस्य तथा
वडा अध्यक्ष
का.म.न.पा. वडा नं. १३

सुरेन्द्र कुमार जोशी
सदस्य
कृषक प्रतिनिधि

ईश्वरी थापा कार्की
सदस्य
कृषक प्रतिनिधि

विकाश शाह
सदस्य
कृषक प्रतिनिधि

अर्जुन सिलवाल
सदस्य
व्यवसायी प्रतिनिधि

तारा रेग्मी मगर
सदस्य
व्यवसायी प्रतिनिधि

भगवान चन्द्र उप्रेती
सदस्य
व्यवसायी प्रतिनिधि

विश्वनाथ कोइराला
सदस्य
स्वतन्त्र कर्मचारी युनियन प्रतिनिधि

डाल प्रसाद पुडासैनी
सदस्य सचिव
(कार्यकारी निर्देशक)

दुई शब्द

कृषि क्षेत्रको विकासलाई अर्थतन्त्र र आर्थिक विकासको मूल आधारको रुपमा लिइएको छ । कृषि क्षेत्रको विकासले नै देशको आर्थिक समृद्धिलाई निर्देशित गर्ने तथ्य सर्व विदितै छ । कृषि क्षेत्रको उत्पादन अवस्था र उत्पादित वस्तुहरुको बजारीकरण कृषि क्षेत्रको विकासको लागि अपरिहार्य पक्षका रुपमा रहेका छन् । कृषि उत्पादनको उचित बजारीकरण विना कृषकको परिश्रमले सार्थकता पाउन सक्दैन । यसर्थ, नेपाल सरकारले आफ्ना नीति, कार्यक्रम तथा कार्ययोजनाहरुमा कृषि उपजको बजार र बजारीकरणको विकासलाई महत्वपूर्ण रुपमा स्विकार गरेको छ । कृषि क्षेत्रभित्र तरकारी तथा फलफूल जस्ता उच्च मूल्य पर्ने वस्तुहरुको उत्पादन र बजारीकरणले वर्तमान सन्दर्भमा अझ बढि प्राथमिकता पाइरहेको छ ।

देश भित्र उत्पादित तरकारी तथा फलफूलहरुलाई सुनिश्चित आधार प्रदान गर्ने तथा सुलभ वितरण व्यवस्था मिलाउने अभिप्रायले नेपाल सरकारबाट २०४१ सालबाट पहल भई संचालनमा आएको कालीमाटी बजार हाल कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको रुपमा क्रियाशिल रहेको छ । समिति अन्तरगतका बजारहरुको संचालन तथा व्यवस्थापनका साथ साथै यस निकायले कृषि बजारसँग सम्बन्धित बजार सूचना सेवा, अनुसन्धानमूलक तथा विभिन्न प्रवर्द्धनात्मक कार्यहरु समेत संचालन गर्दै आइरहेको छ । यस क्रममा समितिको परिचयात्मक विषय वस्तु तथा आ.व. २०७८/७९ मा संचालित कृयाकलाप तथा गतिविधिहरु, वित्तिय तथा बजार सूचनाका तथ्याङ्क लगायतका विविध विषय वस्तुहरु समावेश गरि वार्षिक पुस्तिका प्रकाशन गरिएको छ । यस पुस्तिकामा समावेश गरिएका विषय वस्तु तथा तथ्याङ्कहरु अध्ययनकर्ता, सरोकारवाला तथा पाठक वर्गहरुका लागि सान्दर्भिक र उपयोगी हुने विश्वास लिएको छु ।

पुस्तिका प्रकाशन गर्ने क्रममा समाविष्ट विवरण र तथ्याङ्कहरु उपलब्ध गराइ सहयोग गर्नु हुने तथा पुस्तकलाई पूर्णता दिने कार्यमा संलग्न रहनु भएका सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, पुस्तिकाका विषय वस्तुहरुलाई अझै परिमार्जित तथा उपलब्धीमूलक बनाउनका लागि सुझावको समेत आशा राखेको छु ।

धन्यवाद ।

काली प्रसाद पराजुली
अध्यक्ष
कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
तथा
सह सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्राक्कथन

देश भित्र उत्पादित कृषि उपजहरु विशेषत: तरकारी तथा फलफूलजन्य उत्पादनलाई बलियो बजार आधार प्रदान गर्दै कृषक, व्यवसायी तथा उपभोक्ता बिचको बजार श्रृङ्खलाको कडीलाई मजबुत बनाउने कार्यमा कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति क्रियाशिल रहदै आएको छ। देशभित्र छरिएर रहेका कृषि बजारहरुको परिवेशमा समितिले आफूलाई एउटा संगठित र अगुवा बजारको रुपमा स्थापित गरेको छ। देशको संघीय संरचनाको स्वरुपमा हाल यस निकायले संघ अन्तरगत रहि क्रियाशिल हुने जिम्मेवारी पाए अनुरुप तरकारी तथा फलफूल बजारहरुको सु-संचालन, व्यवस्थापन तथा बजार सम्बद्ध विकास प्रयासहरुमा एउटा केन्द्रिय बजारको रुपमा परिमार्जित रुपमा आफूलाई स्थापित गर्नु पर्ने दायित्वबोध गरेको छ। समितिले आफ्ना भावी क्रियाकलापहरुलाई परिमार्जित रुपमा प्रवाहित गर्नुपर्ने आवश्यकता महशुस गरेको छ। समिति अन्तरगत कार्यरत व्यवसायीहरुलाई आफै उत्पादन गर्न, उत्पादक कृषकसंग सिधा सम्पर्क गराउन तथा कृषकहरुको उपजलाई सहज रुपमा बजारमा ल्याई उपभोक्ता समक्ष पुऱ्याउन समिति थप क्रियाशिल रहेको छ ।

आफ्ना क्रियाकलापहरुलाई प्रवाहित गर्ने क्रममा समितिको परिचयात्मक विषयवस्तु, गतिविधि तथा क्रियाकलापहरु, वार्षिक कार्यक्रम तथा आर्थिक विवरण, बजार सूचना तथ्याङ्क लगायतका उपयोगी विवरण सहितको वार्षिक पूस्तिका प्रकाशनमा ल्याएको छ । समाविष्ट विषय-वस्तु तथा विवरणहरु अध्ययन/अनुसन्धानकर्ता, पाठक तथा सरोकारवालाहरुको लागि सान्दर्भिक र उपयोगी हुने आशा राखेको छु।

यो पुस्तिकामा समावेश भएका विवरण तथा तथ्याङ्क उपलब्ध गराउने कार्यमा सहयोग गर्ने सबै शाखा प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। पुस्तिकालाई यस स्वरुपमा ल्याउन विशेष रुपमा सक्रिय हुनु हुने समितिका सहायक कार्यकारी निर्देशक श्री अर्जुन प्रसाद अर्याल र उप निर्देशक श्री विनय श्रेष्ठ धन्यवादका विशेष पात्र हुनुहुन्छ । साथै, उप-निर्देशक श्री विदुर प्रसाद आचार्य, उप-निर्देशक श्री मनोज धिताल, वरिष्ठ प्रशासकिय अधिकृत श्री प्रतिक अधिकारी, वरिष्ठ लेखा अधिकृत श्री देशवन्धु केसी, योजना अधिकृत श्री रमेश डंगोल तथा प्रशासकिय अधिकृत श्री विजयराज सापकोटासमेतलाई धन्यवाद दिन चाहन्छु। साथै, पुस्तिकालाई अझ उपलब्धीमूलक बनाउन सुझावहरुको समेत अपेक्षा राख्दछु ।

धन्यवाद ।

डाल प्रसाद पुडासैनी
कार्यकारी निर्देशक
कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

विषय सूची

क्र.सं.	विषय	पेज नं
१.	कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको परिचयात्मक विषय वस्तु	१
	बार्षिक कार्यक्रम, बजेट तथा प्रगति विवरण	
२.	आ.ब. २०७९/८० को कार्यक्रम बजेट	१२
३.	आ.ब. २०७८/७९ को चौथो त्रैमासिक तथा वार्षिक प्रगति विवरण	१७
	आर्थिक विवरण	
४.	आ.ब. २०७९/८० को अनुमानित खर्च र आम्दानी बजेट	२४
५.	आ.ब. २०७८/७९ आषाढ मसान्तको आय-व्यय विवरण	२५
६.	आ.ब. २०७८/७९ आषाढ मसान्तको वासलात	२६
७.	समिति अन्तरगतका कारोबार स्थल/संरचना/ सेवा सुविधाहरुको आ.ब. २०७९/८० को भाडा र शुल्क दर	२७
	कृषि उपजहरुको मूल्य स्थिति तथा आगमन सम्बन्धी विवरण	
८.	Monthly Minimum, Maximum & Average Wholesale Price at Kalimati Market in FY 2078/79	३०
९.	Source wise Arrival at Kalimati Market in FY 2078/79	३६
१०.	Monthly Arrival at Kalimati Market in FY 2078/79	४०
	समितिका पदाधिकारी, कर्मचारी तथा व्यवसायीहरु सम्बन्धी विवरण	
११.	समितिका हालसम्मका अध्यक्षज्यूहरुको विवरण	४४
१२.	समितिमा हालसम्मका कार्यकारी प्रमुखज्यूहरुको विवरण	४५
१३.	समितिमा कार्यरत कर्मचारीहरुको विवरण	४६
१४.	"स्वतन्त्र कर्मचारी यूनियन" एक परिचय	४८
१५.	कालीमाटी बजारमा कार्यरत ताजा तरकारी थोक व्यवसायीहरुको विवरण	५०
१६.	कालीमाटी बजारमा कार्यरत आलु प्याज थोक व्यवसायीहरुको विवरण	५४
१७.	कालीमाटी बजारमा कार्यरत सहकारी संघ, संस्था र कृषक समूहहरुको विवरण	५५
१८.	कालीमाटी बजारमा कार्यरत फलफूल व्यवसायीहरुको विवरण	५६
१९.	कालीमाटी बजारमा कार्यरत मसलाजन्य व्यवसायीहरुको विवरण	५६
२०.	कालीमाटी बजारमा विविध कृषि उपज र बिउबिजन व्यवसायीहरुको विवरण	५७
२१.	कालीमाटी बजारमा कार्यरत खुद्रा व्यवसायीहरुको विवरण	५७
२२.	कालीमाटी बजारमा कार्यरत कार्यालय प्रयोजनका कोठा प्रयोगकर्ताहरुको विवरण	५८
२३.	कालीमाटी बजारमा कार्यरत चमेना गृह/भोजनालय संचालक व्यवसायीहरुको विवरण	५८
२४.	कालीमाटी बजारमा विविध सेवा संचालन गर्ने व्यवसायीहरुको विवरण	५८
२५.	कृषि उपज बजार बालाजुमा कार्यरत व्यवसायीहरुको विवरण	५९

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको परिचयात्मक विषय वस्तु

विकास क्रम

कृषि उपज विशेषतः तरकारी तथा फलफूलको बजार र बजारीकरणको क्षेत्रमा देशकै अगुवा बजारको रुपमा रही आएको कालीमाटी तरकारी तथा फलफूलको बजारको स्थापना र विकासको लागि बि.सं. २०४१ सालबाट कालीमाटी क्षेत्रमा जग्गा अधिग्रहणको कार्य शुरु भई बि.सं. २०४३ आश्विन १५ गतेबाट तत्कालिन खाद्य तथा कृषि बजार सेवा बिभाग अन्तर्गत सञ्चालनमा आएको थियो । बजारको शुरुवात सामान्य बजार संरचनाहरुबाट भए पनि सुविधा सम्पन्न र व्यवस्थित बजार विकास गर्न नेपाल सरकार तथा संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष (UNCDF) को आर्थिक र प्राविधिक सहायतामा हालको अधिकांश संरचना निर्माण भएका हुन । कालीमाटी बजारको पुर्ननिर्माणको क्रममा विश्व बैंकको अनुदानमा संचालित व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) को समेत योगदान रहेको छ ।

कालीमाटी बजारको स्वायत्त सञ्चालन र विकासका लागि २०५१ साल फागुन १ गते विकास समिति ऐन, २०१३ अन्तर्गत "कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१" जारि गरी समितिको स्थापना गरिएको थियो । समितिको कार्यक्षेत्र बिस्तार गर्न र बजार थप ब्यबस्थित गर्न साविकको आदेश खारेज गरी २०५८ चैत्र १९ मा विकास समिति ऐन, २०१३ अन्तर्गत "कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" जारी भएको थियो । समितिको पछिल्लो (गठन) आदेश अनुसार समितिको संरचनामा सरकारी क्षेत्र, निजी क्षेत्र, स्थानीय निकायका अतिरिक्त कृषक, व्यवसायी तथा कर्मचारीको प्रतिनिधित्व रहने व्यवस्था छ । देश संघीयतामा परिबर्तन भएपछि यस समिति र बजारको केन्द्रिय भूमिकालाई मध्यनजर गर्दै समितिलाई संघ अन्तर्गतको निकाय कायम गरिएको छ ।

समिति अन्तर्गत कालीमाटी बजारको अतिरिक्त २०६२ सालबाट बालाजु बजार सञ्चालनमा रहेको छ। समितिले बि.सं. २०६७ सालमा नेपाल सरकारबाट किर्तिपुर नगरपालिका वडा नं. ६, चोभारमा खरिद गरेको २३-१-०-० जग्गामा फलफूल तथा पुष्प बजार निर्माणाधिन अबस्थामा छ । साथै, धादिङ्ग, धुनिबेशी नगरपालिका-७, नौबिसे स्थित ४-५-२-० जग्गामा सङ्कलन केन्द्र स्थापना गर्ने समितिको योजना रहेको छ ।

संरचना

"कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" बमोजिम समितिमा देहायका ११ जना पदाधिकारी रहने व्यवस्था छ ।

- नेपाल सरकारले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत - अध्यक्ष
- कार्यक्रम निर्देशक, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग (हाल कृषि विभागले तोकेको अधिकारी) - सदस्य
- वडा अध्यक्ष, काठमाडौं महानगरपालिका वडा नं. १३ - सदस्य
- नेपाल सरकारले मनोनयन गरेको ३ जना कृषक प्रतिनिधि - सदस्य
- समिति अन्तर्गतको बजारमा व्यवसाय गर्ने व्यवसायीहरुले आफूहरु मध्येबाट निर्वाचन गरी पठाएका कम्तीमा एकजना महिला सहित ३ जना प्रतिनिधि - सदस्य

- कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति कर्मचारी युनियनको प्रतिनिधि - सदस्य
- कार्यकारी निर्देशक - सदस्य सचिव

काम, कर्तव्य र अधिकार

"कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

(क) बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण, सुरक्षा, सञ्चालन र सम्भार गर्ने,
(ख) समितिको तर्फबाट करार वा सम्झौताहरु गर्न, गराउन स्वीकृति प्रदान गर्ने,
(ग) बिक्री स्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय आदि सेवा सुविधा उपलब्ध गराउने,
(घ) मिसावट भएका तथा अस्वस्थ्यकर कृषि वस्तु बजारमा बिक्री वितरण गर्न रोक्ने,
(ङ) कृषि वस्तुको ग्रेडिङ्गको स्तर निर्धारण गर्ने र ग्रेडिङ्ग तथा उपयुक्त प्याकिङ्ग भएको कृषि वस्तुहरुको खरीद बिक्रीलाई नियमित तथा प्रोत्साहित गर्ने,
(च) कृषि वस्तुको कारोबारमा बजार क्षेत्रभित्र उत्पन्न भएका समस्या तथा विवादको समाधान गर्ने,
(छ) बजार भित्रको सेवा सुविधाहरुको शुल्क एवं भाडा निर्धारण गर्ने र असूल गर्ने कार्यविधि स्वीकृत गर्ने,
(ज) बजारको विकास तथा सम्वर्द्धनका लागि योजना तर्जुमा तथा बजेट स्वीकृत गर्ने,
(झ) कृषि बजार सूचना प्रणाली स्थापना गर्ने,
(ञ) कृषि बजार स्थलको उपयोगको तरिका निर्धारण गर्ने,
(ट) बजारमा हुने कृयाकलापहरुको निरिक्षण तथा सुपरीवेक्षण गर्ने,
(ठ) कृषि वस्तुको खरीद बिक्री लिलाम पद्धतिबाट गराउन प्रोत्साहित गर्ने,
(ड) आवश्यक कर्मचारीको नियुक्ति, पारिश्रमिक र सेवा सुविधाको व्यवस्था गर्ने ।
(ढ) व्यवसायी, कृषक तथा समितिका कर्मचारीहरुलाई तालिम दिने व्यवस्था गर्ने,
(ण) आफ्नो कोषको रकमबाट जग्गा खरीद गर्ने, भवन निर्माण गर्ने, आवश्यक मेसिनरी खरीद गर्ने तथा भौतिक सुविधाहरु भाडामा दिने,
(त) बजार प्रवर्द्धन कार्यमा आफ्नो श्रोतबाट रकम लगानी गर्ने,
(थ) कृषि बजार प्रवर्द्धन गर्ने कार्यको सिलसिलामा आफ्नै जमानीमा ऋण लिने,
(द) आफ्नो श्रोतबाट बजार सञ्चालन गर्ने उद्देश्यको लागि अन्य निकायबाट बजार संरचनाहरु भाडामा लिने वा खरीद गर्ने,
(ध) संभाव्य क्षेत्रमा आवश्यकतानुसार बजारको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था मिलाउने,
(न) बजार भित्र बिक्री वितरण हुने कृषि वस्तुहरुको गुणस्तर प्रचलित कानून बमोजिम भए नभएको सुपरीवेक्षण गर्ने,
(प) आवश्यकतानुसार कृषि बजार विशेषज्ञलाई सल्लाहकारको रुपमा करारमा नियुक्त गर्ने,
(फ) बजार प्रवर्द्धन गर्ने सिलसिलामा फलफूल तथा तरकारी सङ्कलन केन्द्र, बजारको स्थापना वा नेपाल सरकार वा अन्य निकायबाट निर्मित वा संचालित स-साना बजारहरुलाई सञ्चालन गर्ने अभिप्रायले आफ्नो कार्य क्षेत्र विस्तार गर्ने,
(ब) आफ्ना मातहतमा सञ्चालन भएका विभिन्न ईकाइहरुलाई आवश्यकता अनुसार एकीकृत गर्ने वा विभाजन गर्ने,
(भ) कृषि वस्तुका खरीद बिक्रीसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।

आदेश तथा नियमावली

विकास समिति ऐन २०१३ अन्तरगत स्थापित यस समितिका आदेश तथा नियमावलीहरु यसप्रकार रहेका छन् ।

☞ कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८

- ☞ कालीमाटी फलफूल तथा तरकारी बजार विकास तथा सञ्चालन नियमावली, २०६०
- ☞ कर्मचारी सेवा शर्त नियमावली, २०६०
- ☞ आर्थिक कार्यविधि नियमावली, २०७३
- ☞ खरिद नियमावली, २०७३

बजार क्षेत्रहरु

समिति अन्तर्गत सञ्चालनमा रहेका बजार र स्वामित्वमा रहेका क्षेत्रहरु देहाय बमोजिम छन् ।

बजार	अवस्थिति	क्षेत्रफल	प्रमुख कारोवार/अवस्था
कालीमाटी बजार	काठमाण्डौ महानगरपालिका-१३, काठमाण्डौ	४५ रोपनी	विशेषतः थोक कारोवार
वालाजु बजार	काठमाण्डौ महानगरपालिका-१३, काठमाण्डौ	२ रोपनी ११ आना	विशेषतः खुद्रा कारोवार
चोभार बजार	कीर्तिपूर नगरपालिका-६, चोभार, काठमाण्डौ	२३-१-०-०	फलफूल तथा पुष्प बजार निर्माणाधिन
नौविसे केन्द्र	धुनिवेशी नगरपालिका-७, नोविसे, धादिङ्ग	४-५-२-०	प्रस्तावित सङ्कलन केन्द्र

कालीमाटी बजार भित्रका कारोवार स्थलहरु

(क) थोक बजार कारोवार स्थलः

थोक कारोबारको बाहुल्यता रहेकोले कालीमाटी बजार बिशेषतः थोक बजारबाट परिचित छ । थोक कारोबारका लागि थोक कारोवार स्थलको व्यवस्था छ। थोक कारोवार स्थलमा बजार विकास तथा सँचालन नियमावली, २०६० बमोजिम ९ प्रतिशत स्थान सहकारी संघ-संस्था तथा कृषक समूहहरुका लागि व्यवस्था गरिएको छ। साथै, थोक कारोवार स्थललाई पनि आलु प्याज, ताजा तरकारी, फलफूल तथा माछा कारोवारको आधारमा वर्गीकरण गरिएको छ। हाल थोक बजारका कारोबार स्थलहरुमा ४५० जना व्यवसायीहरु कार्यरत रहेका छन् । थोक बजार स्थलका प्रमुख खरिदकर्ताहरु अन्य बजारहरुका थोक तथा खुद्रा व्यवसायी, साइकल व्यापारी, होटेल, रेष्टुरेन्ट, होस्टेल, स्कूल तथा आम उपभोक्ताप्रमुख रुपमा रहेका छन् । थोक कारोबार स्थलमा न्यूनतम ५ के.जी. परिमाण भन्दा कम परिमाणमा खरिद बिक्री गर्न नपाइने व्यवस्था रहेको छ ।

(ख) खुद्रा बजार कारोवार स्थल:

तोकिएको थोक परिमाण भन्दा कम खरिद गर्न चाहने उपभोक्ता र क्रेताका लागि ताजा तरकारी, आलु, प्याज, कागती, र अदुवा/लसुन लगायतका वस्तुको कारोवार हुने खुद्रा बजारको पनि व्यवस्था रहेको छ। हाल खुद्रा बजारका कारोबार स्थलहरुमा ५९ जना व्यवसायीहरु कार्यरत रहेका छन्।

(ग) कृषक बजार स्थल:

स्थानीय कृषकले उत्पादन गरेको सानो परिमाणका ताजा तरकारी तथा हरिया सागपात कृषक स्वयमले बेचविखन गर्नका लागि खुद्रा बजारसँगैको सेड तथा सो वरिपरिको खुला स्थान कृषक बजारको लागि छुट्याइएको छ। कृषक बजार हरेक दिन बिहान ४ बजे देखि १० बजेसम्म र अपरान्ह ४ बजेदेखि साँझसम्म गरी दैनिक २ सिफ्टमा सञ्चालन हुने गर्दछ। कृषक बजारमा विशेषत: काठमाडौ उपत्यका कै उत्पादनको बाहुल्यता हुने गरेको छ।



(घ) माछा बजार कारोवार स्थल :

समितिको बजार क्षेत्रभित्रको टंकेश्वरतर्फको मार्गमा माछा बजार रहेको छ। उक्त बजारमा स्वदेशी तथा विदेशवाट आयात गरिएका जिवित, ताजा तथा फ्रोजन माछाहरुको कारोवार हुने गरेको छ।

(ङ) फलफूल कारोवार स्थल :

समितिको बजार क्षेत्रभित्रको टंकेश्वर मार्गमा रहेको सेड र बजार परिसरका अन्य स्थानमा रहेका सटर

र संरचनाहरु फलफूल कारोवारका लागि उपलब्ध गराईएको छ । फलफूल बजारमा विशेषतः स्वदेशी मौसमी फलफूलका साथै विदेशी फलफूलहरु समेत कारोबार हुने गरेको छ ।

(च) होल्डिङ्ग/अक्शन यार्ड

ठूलो परिमाण उपज लिई आउने र स्वयम बिक्री बितरण गर्न चाहने नेपाली कृषकहरुका लागी तत्कालिन फिससेड भवनका १२ वटा स्टलहरुलाई होल्डिङ्ग/अक्शन यार्डको रुपमा सञ्चालनमा ल्याईएको छ । होल्डिङ्ग/अक्शन यार्ड सञ्चालन कार्यविधी बमोजिम तोकिएको शुल्क र बिधि अनुसार कृषकले आफ्नो उपज ल्याइ बिक्री बितरण गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

(छ) अन्य बजार सुविधाहरुः

कालीमाटी बजारमा विउविजन, दुग्ध जन्य पदार्थ, चमेना गृह, भोजनालय, गोदाम, बैंक, कार्यालय, सार्वजनिक शौचालय जस्ता सेवामुलक सुविधाको समेत व्यवस्था रहेको छ ।

बजार सम्बद्ध र उपयोगी सेवा सुविधाहरु

बजारसँग आवद्ध कृषक, व्यवसायी, बजार उपयोगकर्ता, ढुवानीकर्ता तथा आम उपभोक्ताहरुको सुबिधाको लागि समितिले दैनिक तथा नियमितरुपमा विभिन्न प्रकारका सेवा तथा सुविधाहरु सञ्चालन गर्दै आएको छ ।

(क) बजार सूचना सेवा

कृषक, उपभोक्ता, व्यवसायी तथा अन्य सरोकारवालालाई सुसूचित गर्नको लागि समितिले बजार क्षेत्रबाट मूल्य तथा आगमन सम्बन्धी तथ्याङ्क एवं सूचना दैनिक रुपमा सङ्कलन गर्ने गरेको छ । बजार सूचना व्यवस्थापनको लागि समितिले कम्प्यूटर सफ्टवेयर सञ्चालनमा ल्याएको छ । सफ्टवेयरमा कृषि वस्तुको बजार मूल्य, आगमन सम्वन्धी विवरण तथा बजार प्रवेश गर्ने ढुवानी साधनको प्रवेश र बहिर्गमन सम्बन्धी सूचनालाई समेत एकिकृत हुने व्यवस्था छ । सङ्कलित तथ्याङ्कको आधारमा दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक बजार सूचना प्रकाशन गर्ने गरिएको छ । बजार सूचना सेवालाई सर्वसुलभ बनाउन समितिले आफ्नो वेबसाइटः www.kalimatimarket.gov.np र Kalimati App सञ्चालनमा ल्याएको छ । कालीमाटी बजारको दैनिक मूल्य सम्बन्धी सूचनालाई नेपाल टेलिकमको नोटिस वोर्ड सेवा नम्वर १६१८० ७०७ ६६६६६ मा सम्पर्क गरि सुन्न सकिने व्यवस्था रहेको छ ।

(ख) बजार सुरक्षा सेवा

बजार तथा बजार प्रयोगकर्ताहरुको सुरक्षाको लागि २४ सै घण्टा सुरक्षा व्यवस्था गरेको छ । यस प्रयोजनको लागि ३३ जना सुरक्षाकर्मीहरु कार्यरत

रहेका छन् । सुरक्षा सहयोगको लागि सिसि क्यामरा र माइकिङ्ग सिस्टमको समेत व्यवस्था गरिएको छ । बिशेषतः रात्रीको समयमा कृषक तथा व्यवसायीहरुको बिक्री उपज र अन्य सरसामानहरुको समेत सुरक्षा गर्ने प्रवन्ध गरिएको छ ।

(ग) फोहरमैला सङ्कलन तथा व्यवस्थापन

अधिक नाशवान कृषि उपजहरुको कारोवार हुने कालीमाटी बजारमा दैनिकरुपमा करिब १५ टन फोहर उत्सर्जन हुने गर्दछ । फोहरमैलाको दैनिक सङ्कलन र विसर्जन कार्य निजीक्षेत्रमार्फत ठेक्का माध्यमबाट गरिएको छ । निजी क्षेत्रले सङ्कलित फोहर उपयोग गरी प्राङ्गारिक मल उत्पादन समेत गर्दै आएको छ ।

(घ) Weighing bridge सञ्चालन र Time Card कार्यान्वयन

कालीमाटी बजार क्षेत्र भित्र आगमन हुने कृषि उपजको वास्तविक परिमाण मापन गरि तथ्याङ्क संकलनका लागि तौलने पुल (weighing bridge) संचालनमा ल्याइएको छ । साथै, बजार क्षेत्र भित्र अनावश्यक रुपमा ढुवानी साधनहरु बस्ने प्रवृति निरुत्साहित गर्न सफ्टवेयरको उपयोग गरि Time Card व्यवस्थालाई कार्यान्वयनमा ल्याईएको छ । यस कार्यबाट बजार आवागमन र पार्किङ्ग व्यवस्थामा सहजता भएको छ ।

(ङ) विषादी अवशेष द्रुत विश्लेषण/परीक्षण

कृषि विभाग, केन्द्रिय कृषि प्रयोगशालाको प्रत्यक्ष संलग्नतामा समितिको बजार परिसरमा दैनिकरुपमा नमूना उपजहरुमा विषादी अवशेष विश्लेषण हुने गरेको छ । सो विश्लेषणको आधारमा उपभोग अयोग्य देखिएका वस्तुलाई नियन्त्रणमा लिने र नष्ट गर्ने कार्य समितिले गर्दै आएको छ ।

(च) बजार प्रयोगकर्ताको लागि पार्किङ्ग सुविधा

बजार प्रयोगकर्ताहरुको मोटरसाइकल र स्कुटरलाई तोकिएको शुल्क तिर्ने गरि पार्किङ्ग स्थलको व्यवस्था मिलाइएको छ ।

(छ) बैकिङ्ग सेवा तथा अनलाइन भुक्तानी

बजारमा कार्यरत व्यवसायीहरुको कारोवार सुरक्षित र पारदर्शी बनाउने अभिप्रायले समितिले बजार परिसर भित्रै बैकिङ्ग सुविधा र QR Code Scan बाट पनि खरिद सुविधा उपलव्ध गराईएको छ । व्यवसायीले तिर्नु बुझाउनु पर्ने भाडा र शुल्क रकम अनलाइन मार्फत तिर्न सकिने ब्यबस्था समेत गरिएको छ। साथै व्यवसायीहरुले तिर्नुपर्ने भाडा रकम र भाडा भुक्तानी गरिसकेपछिको भुक्तानी सन्देश SMS बाट जानकारी गराउने व्यवस्था समेत गरिएको छ ।

(ज) नापतौल तथा गुणस्तर परीक्षणमा सहजीकरण

बजार क्षेत्रभित्रको कारोबारलाई स्वस्थ बनाउन, कृषक र आम उपभोक्ताहरुको हित संरक्षणको लागि समितिले आवधिक रुपमा नापतौल तथा गुणस्तर विभागको समन्वयमा व्यवसायीको नापतौल सामाग्रीलाई अनिवार्य अध्यावधिक गर्ने गराउने कार्यमा सहजीकरण गर्दै आएको छ ।

व्यवसायी संख्या

समितिसँग सम्झौता गरि बिभिन्न कृषि वस्तुको कारोवार तथा सेवा सञ्चालन गर्ने व्यवसायीहरुको वर्गीकरण र संख्या देहाय बमोजिम रहेका छन् ।

कालीमाटी बजारमा कार्यरत व्यवसायीको वर्गीकरण र संख्या

बर्गीकरण	कार्यरत व्यवसायी संख्या
थोक तर्फः	**४५०**
ताजा तरकारी	३०८
आलु प्याज	९१
माछा	२६
फलफूल	१५
मसलाजन्य	१०
खुद्रा तर्फः	**५९**
ताजा तरकारी	४५
आलु प्याज	११
मसलाजन्य	३

अन्य प्रयोजन तर्फः	४५
विउविजन	२
दुग्धजन्य पदार्थ	१
च्याउ	१
गोदाम/केज	३६
चमेनागृह/भोजनालय	४
विविध	१
कार्यालय सञ्चालन तर्फः	**७**
बैंक	१
सहकारी संस्था	२
संघ/संस्था	३
विषादी अवशेष द्रुत विश्लेषण इकाई	१
विविध सेवा सञ्चालन तर्फः	**५**
मोटरसाइकल पार्किङ्ग	१
प्रवेश शुल्क सङ्कलन	१
शौचालय सञ्चालन	१
बजार सरसफाई	१
बजार सुरक्षा सेवा	१
कुल :	**५६६**

कालीमाटी बजारको कारोवार प्रकृति

कालीमाटी बजारमा कृषि वस्तुहरुको आगमन मुख्यतः रातको समयमा हुने गर्दछ। बजार कारोबार बिहान ३ बजे देखि शुरु हुने गर्दछ। बजार भित्रिने वस्तुहरु कृषक स्वयम, सङ्कलक, मध्यस्थकर्ता, व्यापारी र निजका प्रतिनिधिहरु मार्फत भित्रिने गर्दछ। अधिकांश थोक परिमाणमा खरिद गर्ने खरिदकर्ताहरु बिहान कै समयमा आउने गर्दछन्।

समितिको आ.व. २०७८/७९ को तथ्याङ्क अवधिमा कूल २,७०,२७८.२०१ मे. टन कृषि उपज कालीमाटी बजारमा कारोवारको लागि आगमन भएको थियो । सो मध्ये तरकारीजन्य ८३.५४ प्रतिशत, फलफूलजन्य ९.३७ प्रतिशत, मसलाजन्य ४.९७ प्रतिशत, माछाजन्य १.८८ प्रतिशत र अन्य कृषि उपजको हिस्सा ०.२४ प्रतिशत रहेको छ।

वस्तुको आधारमा आ.ब. २०७८।७९को आगमन स्थिति



प्रमुख आपूर्ति क्षेत्रहरु

कालीमाटी बजारमा पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मका आन्तरिक उत्पादन र बजार क्षेत्रहरुबाट स्वदेशी कृषि उपजहरुको आपूर्ति हुँदै आइरहेको छ । आ.व. २०७८।७९ को आगमन तथ्याङ्कको आधारमा धादिङ्ग, काभ्रे, काठमाडौं उपत्यकाका जिल्ला, मकवानपूर, नुवाकोट, चितवन जस्ता छिमेकी जिल्लाहरु र सर्लाही, बारा, पर्सा लगायतका तराई क्षेत्रका जिल्लाको उत्पादनले बजारमा प्रभुत्व कायम राखेको देखिन्छ । भारतीय तथा चिनियाँ उत्पादन समेत उल्लेख्य परिमाणमा यस बजारमा आयात हुने गरेको छ। साथै, भुटान, बङ्गलादेश तथा अन्य मुलुकहरुबाट समेत केही परिमाणमा वस्तुहरु भित्रिने गरेको छ। प्याज, आलु, कागती, माछा, फलफूल लगायतका वस्तुहरु भारतबाट र लसुन तथा स्याउ जस्ता वस्तुहरु चीनबाट उल्लेख्य परिमाणमा आगमन हुने गरेको छ।

श्रोतको आधारमा आ.व. २०७८।७९ को आगमन



मूल्य निर्धारण प्रकृया

बजार क्षेत्रभित्र कारोबार हुने कृषि उपजको मूल्य निर्धारण बजार माग तथा आपूर्तिको आधारमा हुने गर्दछ । वस्तुको परिमाण, गुणस्तर, श्रोत, उपभोक्ताको चाहना, समय र परिस्थिति अनुसार वस्तुको मूल्य फरक हुने गरेको पाइन्छ । यस बजारमा कृषक/आपूर्तिकर्ता र व्यवसायी बिचको मोलमोलाइको आधारमा किनबेच हुने भएकोले कृषि उपजको मूल्य निर्धारण प्रकृयामा समितिको कुनै किसिमको भूमिका रहदैन । सरोकारवालालाई सचेतना र सूचना प्रयोजनका लागि दैनिक सूचना सङ्कलन र प्रवाहको कार्य नियमित रुपमा समितिबाट गर्ने गरिएको छ ।

उपजको आपूर्ति र वितरण प्रकृया

कालीमाटी बजारमा कृषक तहदेखि उपभोक्ताको तहसम्म बिभिन्न बजार एजेन्ट र तह सम्मिलित बजार र मूल्य श्रृङ्खला हुदै प्रवाहित हुने गरेको छ । यस बजार आगमन र वितरणको तथ्यलाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।



कृषि उपज बजार, बालाजु

काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित मत्स्य विकास केन्द्रको हातासँगै कृषि उपज बजार, बालाजु रहेको छ । यस बजार केन्द्रले २ रोपनी ११ आना क्षेत्रफल ओगटेको छ । नेपाल सरकारबाट निर्माण भएको कृषि उपज बजार बालाजु सञ्चालनका लागि समितिलाई हस्तान्तरण भएपछि २०६२ असार महिना देखि समितिले सञ्चालन गर्दै आएको छ । बजार क्षेत्रभित्र समितिको कार्यालय तथा कृषि उपजहरुको कारोबार प्रयोजनको लागि २ वटा भवन र १ वटा सेड रहेको छ । विशेषतः नुवाकोट, रसुवा क्षेत्रको कृषि उत्पादनलाई टेवा पुऱ्याउने दृष्टिले स्थापना भएको बालाजु बजारमा नुवाकोट, रसुवा क्षेत्रका अतिरिक्त काठमाडौं उपत्यका, कालीमाटी बजार, धादिङ्ग, काभ्रे, भक्तपुर लगायतका क्षेत्रबाट दैनिक रुपमा कृषि उपज आगमन भई कारोवार हुने गरेको छ । बालाजु बजारमा कृषि उपजहरुको

विशेषतः खुद्रा कारोबार हुने गर्दछ । यस बजारमा ट्राउट माछाको समेत कारोबार हुने गर्दछ ।

व्यवसायीको संख्या

समितिसँग सम्झौता गरि बिभिन्न कृषि वस्तुको कारोवार तथा सेवा सञ्चालन गर्ने कृषि उपज बजार, बालाजुमा कार्यरत व्यवसायीहरुको बर्गीकरण र संख्या देहाय बमोजिम रहेका छन् ।

कृषि उपज बजार, बालाजुमा कार्यरत व्यवसायीको वर्गीकरण र संख्या

वर्गीकरण	व्यवसायी संख्या
सटर तर्फ :	**१०**
ताजा तरकारी/आलु प्याज	९
माछा	१
भवन तर्फ खुद्रा :	**१६**
सेड तर्फ खुद्रा :	**२८**
विविध सेवा :	**२**
चमेना गृह	१
शौचालय सञ्चालन तथा बजार सरसफाई	१
जम्मा :	**५६**

निर्माणाधिन फलफूल तथा पुष्प बजार, चोभार

समितिले कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभार स्थित साविक कृषि चुन उद्योगको २३-१-०-० जग्गा नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०६६/८/१६ को निर्णयानुसार नेपाल सरकार, अर्थ मन्त्रालयलाई रु १० करोड ७९ लाख मूल्य तिर्ने गरि खरीद गरेको थियो । उक्त जग्गामा तत्कालिन समयमा व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) र हाल नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

नौविसे स्थित जग्गा

समितिले साविक कृषि चुन उद्योगको जग्गा खरीद गर्ने क्रममा धादिङ्ग जिल्ला धुनीवेशी नगरपालिका, नौविसेमा रहेको ४-५-२-० जग्गा समेत खरिद गरेको थियो । यस जग्गामा सङ्कलन केन्द्र स्थापना गर्ने सोचाई समितिले राखेको छ ।

लाभान्वित वर्गहरु

समितिले उपलब्ध गराएको सेवा सुविधाहरु तथा क्रियाकलापहरुबाट विभिन्न वर्गहरु प्रत्यक्ष वा परोक्षरुपमा लाभान्वित भएका छन । विशेषरुपले लाभान्वित वर्गहरु यस प्रकार छन् ।

- ☞ उत्पादक/कृषक,
- ☞ उपभोक्ता
- ☞ व्यवसायी,
- ☞ संकलक/मध्यस्थकर्ता,
- ☞ यातायात व्यवसायी,
- ☞ भरिया/मजदुर,
- ☞ अध्ययन, अनुसन्धान र अभ्यासकर्ताहरु

उपलब्धीहरु

कृषि उपज बजार सञ्चालन र व्यवस्थापनको क्षेत्रमा अग्रणी बजारको रुपमा संचालित कालीमाटी बजार र यसको संचालक कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले हासिल गरेका केहि महत्वपूर्ण उपलब्धीहरु यस प्रकार रहेका छन् ।

- तरकारी तथा फलफूलको बजार व्यवस्थापनमा अग्रणी भूमिका,
- तरकारी तथा फलफूलको बिक्री वितरणको लागि अविचछन्न बलियो बजार आधार,
- बजार सूचना प्रणालीमा प्रभावकारी भूमिका,
- कृषक, व्यवसायी, ढुवानीकर्ता, यातायात व्यवसायी आदिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आयआर्जन तथा रोजगारीको अवसर,
- बजार सम्बन्ध विकास, बजार प्रभाव क्षेत्रको विस्तार तथा बजार श्रृङ्खला विकासमा भूमिका,
- कृषि उपज बजार बालाजुको सञ्चालन र व्यवस्थापन,
- तरकारी तथा फलफूलजन्य कृषि उपजको बजार विस्तारका लागि चोभार तथा नौविसेको जग्गा खरीद,
- स्वआर्जनमा खरिद गरिएको चोभार स्थित जग्गामा नेपाल सरकारको सहयोगमा सुविधा सम्पन्न फलफूल तथा पुष्प बजारको निर्माण कार्य,
- आत्मनिर्भर निकायको रुपमा स्थापना काल देखि नै निरन्तर रुपमा सञ्चालन,
- विषादी अवशेष द्रुत विश्लेषण इकाइको सञ्चालनमा सहयोग एवं समन्वय,
- व्यवसायी र कर्मचारीको क्षमता अभिवृद्धि,

समस्या तथा गुनासाहरु

समितिले सामना गरेका प्रमुख समस्याहरु यस प्रकार रहेका छन् ।

- स्थान अभावको समस्या : व्यवसाय गर्ने क्षेत्रको न्यूनता, गोदाम क्षेत्रको न्युनता, पार्किङ्ग क्षेत्रको न्यूनता, क्षेत्रफल विस्तारको समस्या ।
- निर्वाध ढुवानीमा समस्या : रिङरोड भित्र निर्वाध ढुवानी र ओसार पसारमा समस्या ।
- फोहरमैला व्यवस्थापनमा समस्या : फोहरमैलाको विसर्जन र प्रशोधनमा कठिनाई ।
- पोष्ट हार्भेष्ट अभ्यासमा समस्या : उत्पादन पछिको हयाण्डलिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्गमा प्रविधि र साधनको न्यून प्रयोग ।
- कृषि बस्तुको गुणस्तर तथा विषादी अवशेष सम्बन्धी समस्या : धेरै कृषि वस्तु, सानो प्रयोगशाला, थोरै प्राविधिकका कारण बढी गुनासो आउने गरेको ।
- मूल्य वृद्धि र अन्तर : कृषक देखि उपभोक्ता बिच बजार तहहरु धेरै हुनाले मूल्यमा अधिक अन्तर हुने गरेको गुनासाहरु आउने गरेको ।

कालीमाटी बजारको मोबाइल App.

वार्षिक कार्यक्रम, बजेट तथा प्रगति विवरण

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

आ.ब. २०७९/८० को कार्यक्रम बजेट

रु. लाखमा

	कार्यक्रम /क्रियाकलाप	खर्च शीर्षक	ईकाइ	जिम्मेवारी	वार्षिक			प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक		
					परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट
	समितिको आ.व. २०७९/८० को कूल कार्यक्रम बजेटः						१९९३.५४		२६.६९	५३२.०७		२४.९३	४९६.९४		२९.६२	५९०.५४		१८.७६	३७३.९९
	अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु																		
१	कालीमाटी बजारको सहकारी टहरा सुधार निर्माण (आ.व.२०७८।७९ को निरन्तरता)	१०३	पटक	योजना	१	४.६१	९२.००	०.२५	१.१५	२३.००	०.७५	३.४६	६९.००						
२	कालीमाटी बजारको २१टहरा सुधार निर्माण (आ.व.२०७८।७९ को निरन्तरता)	१०३	पटक	योजना	१	३.०१	६०.००	०.१०	०.३०	६.००	०.५०	१.५०	३०.००	०.४०	१.२०	२४.००			
३	कालीमाटी बजारको ३८ टहरा, ४६ टहरा सुधार निर्माण	१०३	पटक	योजना	१	११.७९	२३५.००				०.२०	२.३६	४७.००	०.५०	५.८९	११७.५०	०.३०	३.५४	७०.५०
४	आ.ब. २०७८।७९ को विविध निर्माण सुधार चालु कार्य तथा २४ टहरा लगायतका भवन, सडक तथा अन्य संरचना सुधार निर्माण र रंग रोगन (इष्टिमेट अनुसार बण्डा गर्ने गरि)	१०३	पटक	योजना	१	२.५१	५०.००	०.१०	०.२५	५.००	०.३०	०.७५	१५.००	०.३०	०.७५	१५.००	०.३०	०.७५	१५.००
५	विशिष्टिकृत कृषि उपज बिक्रि कक्ष निर्माण	१०३	पटक	योजना	१	१.७६	३५.००							०.२५	०.४४	८.७५	०.७५	१.३२	२६.२५
६	आ.प्र. कक्षमाथि सभाहल निर्माण	१०३	पटक	योजना	१	२.०१	४०.००				०.२०	०.४०	८.००	०.४०	०.८०	१६.००	०.४०	०.८०	१६.००
७	बालाजु बजारमा संरचना निर्माण, मर्मत सुधार कार्य (आ.ब. २०७८।७९ को चालु सहित)	१०३	पटक	योजना	१	१.२५	२५.००	०.१०	०.१३	२.५०	०.३०	०.३८	७.५०	०.३०	०.३८	७.५०	०.३०	०.३८	७.५०
८	नौबिसे केन्द्रमा सीमा पर्खाल निर्माण कार्य	१०३	पटक	योजना	१	२.५१	५०.००				०.३०	०.७५	१५.००	०.३०	०.७५	१५.००	०.४०	१.००	२०.००
९	विद्युतीय उपकरण, जेनेरेटर, ट्रान्सफर्मर मर्मत, सडक बत्ती, Solar System, ब्याट्री आदि मर्मत सुधार र प्रतिस्थापन	१०३	पटक	योजना	१	०.५०	१०.००	०.१०	०.०५	१.००	०.५०	०.२५	५.००	०.२०	०.१०	२.००	०.२०	०.१०	२.००
१०	प्लम्बिङ्ग, पम्प हाउस मोटर तथा उपकरण मर्मत सम्भार र बजार क्षेत्रमा खानेपानी व्यवस्था	१०३	पटक	योजना	१	०.५०	१०.००	०.१०	०.०५	१.००	०.३०	०.१५	३.००	०.३०	०.१५	३.००	०.३०	०.१५	३.००
११	CCTV Camera विस्तार तथा सम्भार	१०३	पटक	योजना	१	०.४०	८.००	०.१०	०.०४	०.८०	०.५०	०.२०	४.००	०.२०	०.०८	१.६०	०.२०	०.०८	१.६०
१२	चोभार केन्द्रमा पूँजीगत निर्माण सुधार कार्य	१०३	पटक	योजना	१	०.५०	१०.००							०.५०	०.२५	५.००	०.५०	०.२५	५.००
१३	फर्निचर फर्निसिङ्ग (टेबल, कुर्सि, सोफा, दराज, फायल क्याबिनेट आदि), कार्पेटिङ्ग तथा पर्दा	१०७	पटक	प्रशासन	१	०.५०	१०.००	०.२५	०.१३	२.५०	०.२५	०.१३	२.५०	०.५०	०.२५	५.००			
१४	सभा कक्ष सुधार	१०७	पटक	प्रशासन	२	०.२५	५.००				१.००	०.१३	२.५०				१.००	०.१३	२.५०
१५	Air Conditioner खरिद	११०	संख्या	प्रशासन	२	०.१०	२.००							२.००	०.१०	२.००			
१६	Generator खरिद	११०	संख्या	प्रशासन	१	०.२५	५.००				१.००	०.२५	५.००						
१७	Desktop ३ थान/ Server Computer १थान/Laptop ४ थान/ Printer ३ in १ सहित ४ थान लगायत बिबिध कम्प्युटरजन्य उपकरण खरिद	१११	संख्या	प्रशासन	१५	०.७५	१५.००				५.००	०.२५	५.००	१०.००	०.५०	१०.००			
१८	विद्युतिय हाजिरी मेसिन तथा सफ्टवेयर खरिद	१११	संख्या	प्रशासन	१	०.१०	२.००				१.००	०.१०	२.००						
१९	व्यवसायी/कर्मचारी/जिन्सी व्यवस्थापन तथा बजार अनुगमन सम्बन्धी सफ्टवेयर निर्माण	१११	पटक	प्रशासन	१	०.२५	५.००				०.५०	०.१३	२.५०	०.५०	०.१३	२.५०			
२०	Digital Display Board खरिद	१११	संख्या	प्रशासन	१	०.३५	७.००				१.००	०.३५	७.००						
२१	चारपाङ्ग्रे हलुका सवारी साधन खरिद	१२४	संख्या	प्रशासन	२	४.०१	८०.००				०.५०	१.००	२०.००	१.५०	३.०१	६०.००			
२२	कृषि सामाग्री कम्पनीको शेयर खरिद	१२३	पटक	आ.प्र.	१	०.०५	१.००	१.००	०.०५	१.००									

रु. लाखमा

	कार्यक्रम /क्रियाकलाप	खर्च शीर्षक	ईकाइ	जिम्मेवारी	बार्षिक			प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक		
					परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट
२३	बिबिध पूँजीगत सुधार खर्च	१०३	पटक	सम्बन्धित शाखा	१	०.४५	९.००	०.१०	०.०५	०.९०	०.३०	०.१४	२.७०	०.३०	०.१४	२.७०	०.३०	०.१४	२.७०
	क) पूँजीगत खर्च कार्यक्रमको जम्मा:					३८.४२	७६६.००		२.१९	४३.७०		१२.६८	२५२.७०		१४.९३	२९७.५५		८.६३	१७२.०५
	आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु																		
२४	विद्युत महशुल (समिति अन्तरगतका बजार र केन्द्रमा समेत)	६०१	महिना	आ. प्र.	१२	२.०१	४०.००	३.००	०.५०	१०.००	३.००	०.५०	१०.००	३.००	०.५०	१०.००	३.००	०.५०	१०.००
२५	खानेपानी धारा महशुल र जार/बोतलको पिउने पानी(पिउने पानी) र वाटर फाउन्टेनको लागि पानी	६०२	महिना	आ. प्र.	१२	०.१५	३.००	३.००	०.०४	०.७५	३.००	०.०४	०.७५	३.००	०.०४	०.७५	३.००	०.०४	०.७५
२६	इन्धन - डिजेल/पेट्रोल/लुब्रिकेंट आदि - ४ पाङ्ग्रे, सवारी साधन, मोटरसाईकल, जेनेरेटर र कार्यालय प्रयोजनको लागि,	६०३	महिना	प्रशासन	१२	१.००	२०.००	३.००	०.२५	५.००	३.००	०.२५	५.००	३.००	०.२५	५.००	३.००	०.२५	५.००
२७	टेलिफोन महसुल, ईमेल/ इन्टरनेट/वेवसाइट, कार्यकारी निर्देशक/सुचना अधिकारी/प्रवक्ता/सुरक्षा इन्चार्ज लगायतलाई संचार सुविधा	६०४	महिना	आ. प्र.	१२	०.२०	४.००	३.००	०.०५	१.००	३.००	०.०५	१.००	३.००	०.०५	१.००	३.००	०.०५	१.००
२८	सूचना प्रकाशन खर्च	६०७	पटक	प्रशासन	२०	०.६०	१२.००	४.००	०.१२	२.४०	६.००	०.१८	३.६०	६.००	०.१८	३.६०	४.००	०.१२	२.४०
२९	कालीमाटी, बालाजु तथा चोभार बजारको फोहरमैला व्यवस्थापन ठेक्का र विविध सरसफाई खर्च	६०८	महिना	बजार	१२	३.२६	६५.००	३.००	०.८२	१६.२५	३.००	०.८२	१६.२५	३.००	०.८२	१६.२५	३.००	०.८२	१६.२५
३०	कार्यालयको लागि स्टेसनरी, टोनर, फोटोकपी लगायत बिविध मसलन्द खर्च	६०९	पटक	प्रशासन	१	०.१८	३.५०	०.२५	०.०४	०.८८	०.२५	०.०४	०.८८	०.२५	०.०४	०.८८	०.२५	०.०४	०.८८
३१	बार्षिक पूस्तिका प्रकाशन, ब्रोसर प्रकाशन /बिल अन्य छपाई	६१०	पटक	प्रशासन/योजना	१	०.२०	४.००	०.१०	०.०२	०.४०	०.५०	०.१०	२.००	०.२०	०.०४	०.८०	०.२०	०.०४	०.८०
३२	पत्र पत्रिका ग्राहक र पुस्तक खरिद	६११	संख्या	प्रशासन	१	०.०३	०.५०	०.२५	०.०१	०.१३	०.२५	०.०१	०.१३	०.२५	०.०१	०.१३	०.२५	०.०१	०.१३
३३	वीमा- सवारी साधन तथा बजार सम्पति	६१२	संख्या	आ. प्र.	५	०.५०	१०.००				२.५०	०.२५	५.००	२.५०	०.२५	५.००			
३४	संरचनागत बिविध मर्मत खर्च	६१३	पटक	सम्बन्धित शाखा	१	०.६३	१२.५०	०.१०	०.०६	१.२५	०.३०	०.१९	३.७५	०.३०	०.१९	३.७५	०.३०	०.१९	३.७५
३५	मर्मत सम्भार- सवारी साधन(चार पांग्रे र मोटरसाईकल), मेसिनरी/उपकरण, फर्निचर तथा अन्य मर्मत	६३०	महिना	प्रशासन	१२	०.७५	१५.००	३.००	०.१९	३.७५	३.००	०.१९	३.७५	३.००	०.१९	३.७५	३.००	०.१९	३.७५
३६	कार्यालय सूरक्षा सामाग्रीहरु, स्वास्थ्य सुरक्षा सामग्री तथा सबै कर्मचारीहरुका लागि मौसमी ज्याकेट खरिद	६३१	पटक	प्रशासन	१	०.३५	७.००				०.७०	०.२५	४.९०	०.३०	०.११	२.१०			
३७	बजार सौन्दर्य र हरियाली प्रवर्द्धन खर्च	६३१	पटक	प्रशासन	१	०.१३	२.५०				०.५०	०.०६	१.२५				०.५०	०.०६	१.२५
३८	कार्यकारी निर्देशक (विशिष्ट)	७०१	जना	आ. प्र.	१	०.५७	११.३३	१.००	०.१४	२.८३	१.००	०.१४	२.८३	१.००	०.१४	२.८३	१.००	०.१४	२.८३
३९	स.का.निर्देशक (१०)	७०१	जना	आ. प्र.	१	०.५३	१०.६५	१.००	०.१३	२.६६	१.००	०.१३	२.६६	१.००	०.१३	२.६६	१.००	०.१३	२.६६
४०	निर्देशक (९) (रिक्त १)	७०१	जना	आ. प्र.	१	०.१७	३.४८	१.००	०.०४	०.८७	१.००	०.०४	०.८७	१.००	०.०४	०.८७	१.००	०.०४	०.८७
४१	उप–निर्देशक (८) प्रा.	७०१	जना	आ. प्र.	२	०.९९	१९.७६	२.००	०.२५	४.९४	२.००	०.२५	४.९४	२.००	०.२५	४.९४	२.००	०.२५	४.९४
४२	उप–निर्देशक (८) प्र./का	७०१	जना	आ. प्र.	२	०.९४	१८.७७	२.००	०.२४	४.६९	२.००	०.२४	४.६९	२.००	०.२४	४.६९	२.००	०.२४	४.६९
४३	ब.प्रशा.अधिकृत (७) प्र.	७०१	जना	आ. प्र.	१	०.४५	८.९०	१.००	०.११	२.२३	१.००	०.११	२.२३	१.००	०.११	२.२३	१.००	०.११	२.२३
४४	ब.लेखा.अधिकृत (७) प्र.	७०१	जना	आ. प्र.	१	०.४३	८.६७	१.००	०.११	२.१७	१.००	०.११	२.१७	१.००	०.११	२.१७	१.००	०.११	२.१७
४५	ब.योजना.अधिकृत (७) प्रा. (रिक्त)	७०१	जना	आ. प्र.	१	०.३२	६.४६	१.००	०.०८	१.६२	१.००	०.०८	१.६२	१.००	०.०८	१.६२	१.००	०.०८	१.६२
४६	अ.नि.अधिकृत (६) प्रा.	७०१	जना	आ. प्र.	१	०.४४	८.८६	१.००	०.११	२.२२	१.००	०.११	२.२२	१.००	०.११	२.२२	१.००	०.११	२.२२
४७	यो.अधिकृत (६) प्रा.	७०१	जना	आ. प्र.	२	०.८२	१६.३८	२.००	०.२१	४.१०	२.००	०.२१	४.१०	२.००	०.२१	४.१०	२.००	०.२१	४.१०

रु. लाखमा

	कार्यक्रम /क्रियाकलाप	खर्च शीर्षक	ईकाइ	जिम्मेवारी	वार्षिक			प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक		
					परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट
४८	प्रशा.अधिकृत (६) प्र. (रिक्त १)	७०१	जना	आ. प्र.	३	१.१५	२३.०२	३.००	०.२९	५.७६	३.००	०.२९	५.७६	३.००	०.२९	५.७६	३.००	०.२९	५.७६
४९	लेखा अधिकृत (६) प्र.	७०१	जना	आ. प्र.	३	१.१५	२३.०२	३.००	०.२९	५.७६	३.००	०.२९	५.७६	३.००	०.२९	५.७६	३.००	०.२९	५.७६
५०	बजार स.अधिकृत (६) प्रा.(रिक्त २)	७०१	जना	आ. प्र.	४	१.५९	३१.६६	४.००	०.४०	७.९२	४.००	०.४०	७.९२	४.००	०.४०	७.९२	४.००	०.४०	७.९२
५१	प्रा.अधिकृत (६) प्रा.	७०१	जना	आ. प्र.	२	०.७३	१४.६१	२.००	०.१८	३.६५	२.००	०.१८	३.६५	२.००	०.१८	३.६५	२.००	०.१८	३.६५
५२	स्टोर किपर (५) प्र. (रिक्त १)	७०१	जना	आ. प्र.	१	०.३०	६.०२	१.००	०.०८	१.५०	१.००	०.०८	१.५०	१.००	०.०८	१.५०	१.००	०.०८	१.५०
५३	सहायक प्रशासक (५) प्र. (रिक्त १)	७०१	जना	आ. प्र.	२	०.२६	५.२८	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२
५४	तथ्याङ्क सू. स. (५) प्रा. (रिक्त २)	७०१	जना	आ. प्र.	२	०.२६	५.२८	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२
५५	स.ब.निरिक्षक (५) प्रा. (रिक्त १)	७०१	जना	आ. प्र.	१	०.१३	२.६४	१.००	०.०३	०.६६	१.००	०.०३	०.६६	१.००	०.०३	०.६६	१.००	०.०३	०.६६
५६	बजार सहायक (५) प्रा. (रिक्त १)	७०१	जना	आ. प्र.	२	०.२६	५.२८	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२
५७	लेखापाल (५) प्र. (रिक्त २)	७०१	जना	आ. प्र.	२	०.२६	५.२८	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२
५८	नि.यो.सहायक (५) प्रा. (रिक्त २)	७०१	जना	आ. प्र.	२	०.२६	५.२८	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२	२.००	०.०७	१.३२
५९	सहायक सरसफाइ नि.(५)प्रा.(रिक्त १)	७०१	जना	आ. प्र.	१	०.१३	२.६४	१.००	०.०३	०.६६	१.००	०.०३	०.६६	१.००	०.०३	०.६६	१.००	०.०३	०.६६
६०	सु.इन्चार्ज (५) प्र. (रिक्त संख्या ३)	७०१	जना	आ. प्र.	३	०.४०	७.९२	३.००	०.१०	१.९८	३.००	०.१०	१.९८	३.००	०.१०	१.९८	३.००	०.१०	१.९८
६१	भा.स.चालक (पाँचौं) प्रा.	७०१	जना	आ. प्र.	२	०.७४	१४.७४	२.००	०.१८	३.६९	२.००	०.१८	३.६९	२.००	०.१८	३.६९	२.००	०.१८	३.६९
६२	ह.स.चालक (प्रथम) प्रा. (रिक्त २)	७०१	जना	आ. प्र.	२	०.१९	३.८७	२.००	०.०५	०.९७	२.००	०.०५	०.९७	२.००	०.०५	०.९७	२.००	०.०५	०.९७
६३	सुरक्षा गार्ड (चौ.)प्र.(व्यक्ति करार)	७०१	जना	आ. प्र.	१६	२.७२	५४.२७	१६.००	०.६८	१३.५७	१६.००	०.६८	१३.५७	१६.००	०.६८	१३.५७	१६.००	०.६८	१३.५७
६४	कार्यालय सहयोगी(पाँचौं) प्र.(रिक्त १)	७०१	जना	आ. प्र.	७	१.५९	३१.६२	७.००	०.४०	७.९१	७.००	०.४०	७.९१	७.००	०.४०	७.९१	७.००	०.४०	७.९१
६५	पुरस्कार खर्च	७०२	पटक	आ. प्र.	१	०.०५	१.००							१.००	०.०५	१.००			
६६	कर्मचारीहरुको लागि खाजा भत्ता @ रु२००।–प्रति दिन	७०६	महिना	आ. प्र.	१२	१.९६	३९.००	३.००	०.४९	९.७५	३.००	०.४९	९.७५	३.००	०.४९	९.७५	३.००	०.४९	९.७५
६७	चाडपर्व र बिशेष कार्यमा खटिने कर्मचारीका लागि ओभरटाईम खर्च	७११	एकमुष्ट	आ. प्र.	१	०.५०	१०.००	०.२०	०.१०	२.००	०.४०	०.२०	४.००	०.२०	०.१०	२.००	०.२०	०.१०	२.००
६८	कर्मचारीहरुको लागि महंगी भत्ता र का.नि.को आवास भत्ता	७१२	महिना	आ. प्र.	१२	०.८५	१७.००	३.००	०.२१	४.२५	३.००	०.२१	४.२५	३.००	०.२१	४.२५	३.००	०.२१	४.२५
६९	बैदेशिक अध्ययन भ्रमण (आ.ब. २०७८।७९ को भुक्तानी बाँकी समेत)	७२१	पटक	समिति	१	३.६१	७२.००	०.५०	१.८१	३६.००				०.५०	१.८१	३६.००			
७०	पदाधिकारी र कर्मचारीको लागि देशभित्रका बजार/उत्पादन पकेटहरुको अध्ययन अवलोकन तथा समन्वय विस्तारका लागि अध्ययन भ्रमण	७२१	पटक	समिति	३०	०.५०	१०.००	६.००	०.१०	२.००	८.००	०.१३	२.६७	८.००	०.१३	२.६७	८.००	०.१३	२.६७
७१	व्यवसायीका लागि देशभित्रका बजार/उत्पादन पकेटहरुको अध्ययन अवलोकन	७२१	पटक	बजार	१	०.१३	२.५०							१.००	०.१३	२.५०			
७२	World Union of Wholesale Markets को सदश्यता र सहभागिता	७२१	पटक	का. नि.	१	०.४०	८.००	०.२५	०.१०	२.००	०.७५	०.३०	६.००						
७३	छिमेकी राष्ट्रको अक्सन बजारको अध्ययन अबलोकन, निर्देशिका तयारी	७२१	पटक	का. नि.	१	०.३०	६.००							१.००	०.३०	६.००			
७४	समिति अन्तर्गतका कार्यरत सहकारी/समूहहरुको स्थलगत अनुगमन तथा भ्रमण खर्च	७२१	पटक	बजार	४	०.१५	३.००				२.००	०.०८	१.५०	२.००	०.०८	१.५०			
७५	बोलपत्र/दरभाउ पत्र खोल्दा प्रतिनिधि भत्ता	७२१	महिना	आ. प्र.	१२	०.१०	२.००	३.००	०.०३	०.५०	३.००	०.०३	०.५०	३.००	०.०३	०.५०	३.००	०.०३	०.५०
७६	कर्मचारीहरुको पोशाक खर्च	७२२	जना	आ. प्र.	७९	०.४०	८.००				७९.००	०.४०	८.००						
७७	बिषादी न्यूनीकरण र पोष्ट हार्भेष्ट अभ्यास सुधार सम्बन्धी फिल्ड स्तरिय अन्तर्कियाँ /तालिम, क्रेट बितरण	७२३	पटक	बजार	३	०.१५	३.००				१.००	०.०५	१.००	१.००	०.०५	१.००	१.००	०.०५	१.००

रु. लाखमा

	कार्यक्रम /क्रियाकलाप	खर्च शीर्षक	ईकाइ	जिम्मेवारी	बार्षिक			प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक		
					परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट
७८	आ.प्र/ प्रशासन/बजार र योजनाका कर्मचारीहरुको लागि सफ्टवेयर संचालन सम्बन्धी तालिम कार्यक्रम	७२३	पटक	सम्बन्धित शाखा	१	०.१०	२.००				१.००	०.१०	२.००						
७९	कृषक र व्यवसायीहरुका लागि बिल बिजक कार्यान्वयन र कर प्रणाली सचेतना अन्तर्किया	७२३	पटक	आ. प्र.	२	०.१०	२.००				१.००	०.०५	१.००	१.००	०.०५	१.००			
८०	कर्मचारीहरुका लागि सेवाकालिन तालिम (प्रमाण पत्र दिने)	७२३	पटक	प्रशासन	१	०.२५	५.००							१.००	०.२५	५.००			
८१	बजार सरसफाई र सचेतना अभिवृद्धि कार्यक्रम	७२३	पटक	बजार	४	०.१५	३.००	१.००	०.०४	०.७५	१.००	०.०४	०.७५	१.००	०.०४	०.७५	१.००	०.०४	०.७५
८२	बजार सरोकारवालाहरुसँग समसामयिक विषयमा अन्तर्किया	७२३	पटक	बजार	४	०.१०	२.००	१.००	०.०३	०.५०	१.००	०.०३	०.५०	१.००	०.०३	०.५०	१.००	०.०३	०.५०
८३	कर्मचारीहरुको विमा खर्च (सावधिक जीवन, स्वास्थ्य र सामूहिक दुर्घटना बिमा सहित)	७२५	पटक	आ. प्र.	१	०.६०	१२.००							१.००	०.६०	१२.००			
८४	इजाजत प्राप्त व्यवसायीहरुको लागि सामुहिक दुर्घटना बिमा	७२५	पटक	आ. प्र.	१	०.२०	४.००										१.००	०.२०	४.००
८५	कर्मचारीहरुको उपदान तथा दायित्व कोष खर्च	७२६	पटक	आ. प्र.	१	१३.०४	२६०.००	१.००	१३.०४	२६०.००									
८६	यातायात साधन प्रयोग नगर्ने कर्मचारीहरुको लागि यातायात भत्ता	७३४	महिना	आ. प्र.	१२	०.५५	११.००	३.००	०.१४	२.७५	३.००	०.१४	२.७५	३.००	०.१४	२.७५	३.००	०.१४	२.७५
८७	सुरक्षा गार्ड व्यक्ति करार १२ सहित	७३५	महिना	आ. प्र.	१२	१.९१	३८.००	३.००	०.४८	९.५०	३.००	०.४८	९.५०	३.००	०.४८	९.५०	३.००	०.४८	९.५०
८८	बिभिन्न बैंक दस्तुर	८१६	पटक	आ. प्र.	१	०.०१	०.१०	०.२५	०.००	०.०३	०.२५	०.००	०.०३	०.२५	०.००	०.०३	०.२५	०.००	०.०३
८९	आन्तरिक लेखा परिक्षण	८१९	पटक	आ. प्र.	१	०.०६	१.२५				१.००	०.०६	१.२५						
९०	बिभिन्न कर दस्तुर	८२१	पटक	आ. प्र.	१	०.१३	२.५०	०.२५	०.०३	०.६३	०.२५	०.०३	०.६३	०.२५	०.०३	०.६३	०.२५	०.०३	०.६३
९१	कार्यक्रम संचालनका लागि कर्मचारी यूनियनलाई सहयोग	८२५	पटक	आ. प्र.	१	०.१३	२.५०				१.००	०.१३	२.५०						
९२	समितिको लेखा र बजार सूचनासंग सम्बन्धित सफ्टवेयर सुधार/नविकरण र SMS Alert System सहित	८२५	पटक	आ. प्र.	१	०.१०	२.००				०.५०	०.०५	१.००	०.५०	०.०५	१.००			
९३	कार्यालयमा दैनिक चिया खर्च तथा दशैं तिहार पूजा खर्च, बोलपत्र खोल्दा र मूल्यांकन बैठकको खाजा, कृषक बजार शुल्क अशुली, काउन्टर र लेखा सफ्टवेयर व्यवस्थापनमा संलग्न हुने कर्मचारी, सवारी चालक र बत्ती पानी संचालनमा संलग्न कर्मचारीलाई खाजा खर्च एवं बिबिध चिया/खाजा खर्च	८२५	महिना	आ. प्र.	१२	०.६५	१३.००	३.००	०.१६	३.२५	३.००	०.१६	३.२५	३.००	०.१६	३.२५	३.००	०.१६	३.२५
९४	कालीमाटी बजारमा यातायातका साधनको Inflow र कृषि उपजहरुको Outflow अध्ययन	८२५	पटक	बजार	१	०.१५	३.००				०.२५	०.०४	०.७५	०.७५	०.११	२.२५			
९५	कार्यरत व्यवसायीहरुको प्रोफाइल तयार गर्ने	८२५	पटक	योजना/बजार	१	०.१०	२.००				०.५०	०.०५	१.००	०.५०	०.०५	१.००			
९६	भवन निर्माणको लागि पुँजिगत परामर्श	८२६	पटक	योजना	१	०.२५	५.००	०.२५	०.०६	१.२५	०.५०	०.१३	२.५०	०.२५	०.०६	१.२५			
९७	बजार परिसरमा रहेका ढल नालीको नक्सा अद्यावधिकरण र बजार क्षेत्रका स्टल/पसलहरुको क्षेत्रफल सहितको नक्सा अद्यावधिकरण	८२६	पटक	बजार	२	०.२०	४.००				१.००	०.१०	२.००	१.००	०.१०	२.००			
९८	मर्मत करार - कम्प्युटर, फोटोकपी, प्रिन्टर तथा सी.सी क्यामरा, बिजुली, टेलिफोन, Display Board, AC, Solar System लगायतका अन्य उपकरण मर्मत करार तथा सम्भार	८२६	संख्या	प्रशासन	१	०.२०	४.००	०.२५	०.०५	१.००	०.२५	०.०५	१.००	०.२५	०.०५	१.००	०.२५	०.०५	१.००
९९	कालीमाटी बजारको प्रभावकारीताको अध्ययन	८२६	पटक		१	०.२५	५.००				०.२०	०.०५	१.००	०.८०	०.२०	४.००			
१००	बालाजु बजारको Master Plan निर्माण	८२६	पटक		१	०.२५	५.००				०.२०	०.०५	१.००	०.८०	०.२०	४.००			

रु. लाखमा

	कार्यक्रम /क्रियाकलाप	खर्च शीर्षक	ईकाइ	जिम्मेवारी	वार्षिक			प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक		
					परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट	परिमाण	भार	बजेट
१०१	तथ्याङ्क संकलक(६ जना) सुरक्षा गार्ड(१० जना) (सेवा करार)	८२६	महिना	आ. प्र.	१२	२.११	४२.००	३.००	०.५३	१०.५०	३.००	०.५३	१०.५०	३.००	०.५३	१०.५०	३.००	०.५३	१०.५०
१०२	विज्ञबाट आवश्यकताअनुसार विभिन्न विज्ञ र सल्लाहकार सेवा	८२६	पटक	सम्बन्धित शाखा	१	०.१०	२.००	०.२५	०.०३	०.५०	०.२५	०.०३	०.५०	०.२५	०.०३	०.५०	०.२५	०.०३	०.५०
१०३	केहि कृषि उपजहरुको मूल्य श्रृङ्खला, पोष्ट हार्भेट नोक्सानी र मूल्य अन्तर सम्बन्धी अध्ययन	८२६	पटक		१	०.२५	५.००				०.२०	०.०५	१.००	०.४०	०.१०	२.००	०.४०	०.१०	२.००
१०४	समितिका नियमावली र निर्देशिकाहरु परिमार्जन र निर्माण (बैठक भत्ता/खाना/खाजा समेत)	९०३	वटा	कानून	४	०.२५	५.००	१.००	०.०६	१.२५	१.००	०.०६	१.२५	१.००	०.०६	१.२५	१.००	०.०६	१.२५
